**सप्तरी जिल्लाको कञ्चनरुप र हनुमाननगर कंकालिनी नगरपालिकामा फैलिएको मौसमी रुघाखोकी (Seasonal Influenza) को हालको अवस्था र व्यवस्थापन तपसिल अनुसार रहेको व्यहोरा अनुरोध छ ।**

- कञ्चनरुप नगरपालिका, कञ्चनपुर प्रा.स्वा.के., इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरीद्वारा मिति अशोज ०२ मा पत्रकारहरुसंग अन्तरकृया गरी मौसमी रुघाखोकीको हालको स्तिथि लगायत जनचेतना मुलक सन्देशहरु प्रवाह गर्ने बारेमा छलफल गरेको । साथै जनमानसमा त्रास फैलाउने सन्देशहरु प्रवाह नगर्न समेत अनुरोध गरेको ।

- अशोज ०२ गते इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, जनकपुर अञ्चल आस्पतालबाट कनसलटेन्ट फिजिसियन डा. रामेश्वोर महासेठ र सगरमाथा अञ्चल आस्पतालबाट मे. सु. डा. चुमनलाल दास सहितको टोली प्रभावित स्थलगत निरीक्षण गरेको । साथै आवश्यक परेको खण्डमा बिशेषज्ञ चिकित्सक सहित को टोली परिचलन गर्ने गरी तयारी अवस्थामा राखेको ।

- सघन उपचार कक्ष्य (ICU) मा राख्नु पर्ने गम्भीर बिरामीहरुको व्यवस्थापनका लागि जनकपुर अञ्चल आस्पतालसंग समन्वय गरिएको ।

- कञ्चनरुप नगरपालिका र यस महाशाखाबाट परिचालित स्वास्थ्य टोलीले प्रभावित स्थलमा गई influenza positive cases को contact tracing गरी परिवार र छरछिमेकमा रुघाखोकीका बिरामीहरुको screening गरी बिरामीहरुलाई आवश्यक उपचार सल्लाह दिएको ।

- प्रदेश न. २ को सामाजिक विकास मन्त्रालयबाट माननीय सामाजिक विकास मन्त्रीज्यू र माननीय राज्य मन्त्रीज्यु मिति आशोज ०२ गते प्रभावित स्थलमा पुगी परिचालित चिकित्सक सहितको सबै स्वास्थ्यकर्मीहरुलाई धन्यवाद दिंदै प्रकोप रोकथाम गर्न थप हौसला प्रधान गर्नुभएको । उपचारको अभावले कुनै पनि बिरामीको मृत्यु हुन नदिन, अवस्था सामान्य नभएसम्म सबै स्वास्थ्य संस्थामा निशुल्क सेवा प्रधान गर्न र आवश्यक औषधी लगायतका उपचार सामग्री, अन्य सहयोगको लागि समेत प्रदेश समक्ष्य समयमै जानकारी गराउन निर्देशन दिनु भएको ।

- मिति २०७५ भाद्र २४ गते देखि २०७५ अशोज ०२ गते सम्ममा विभिन्न वडाहरुमा संचालन गरिएका स्वास्थ्य शिविर तथा स्वास्थ्य संस्थाहरुमा जम्मा ३१४७ जना मौसमी रुघाखोकीका लक्षण भएका बिरामीहरुको उपचार गरिएको ।

- सुरुको अवस्था भन्दा अहेले मौसमी रुघाखोकीका बिरामीहरुको संख्या घट्दो क्रममा रहेको ।
- हाल सम्म जम्मा **४ जनाको मृत्यु** भएको। मिति २०७५ भाद्र २७ पश्चात थप मृत्यु नभएको ।
- रुघाखोकीका लक्षण भएका बिरामीहरुको २८ वटा Throat swab को नमुना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा परिक्षण गरिएकोमा **१४ वटामा Influenza A/H3, १ वटामा Influenza A/H1N1** र **१ वटामा Influenza B** भेटिएको ।
- मौसमी रुघाखोकीबाट बच्ने उपायहरु बारेमा सूचना सन्देशहरु FM Radio र स्थानीय संचारमाध्यमहरुबाट नियमित रुपमा प्रवाह भईरहेको । साथै स्वास्थ्य सूचनाको ब्रोसर तथा पम्प्लेटहरु सहित महिला स्वास्थ्य स्वयं सेवीका घर घरमा परिचालन भईरहेको ।
- कञ्चनरुप नगरपालिकाका र हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्यसंस्थाहरुबाट निरन्तर रुपमा रुघाखोकी, ज्वरोबाट प्रभावित बिरामीहरुको उपचार व्यवस्थापन कार्य भईरहेको ।
- यस महाशाखा, जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी, कञ्चनपुर प्रा.स्वा.के., कञ्चनरुप नगरपालिका र प्रभावित क्षेत्रमा खटिएका WHO लगायत अन्य टोलीहरु संग निरन्तर सम्पर्कमा रहिरहेको ।